नेपाल सरकार
लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४४७५२७६, ४४७५२७७, ४४७५२७८
फ्याक्स: ९७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

नेपाल सरकार लगानी बोर्डको कार्यालय २०६८

मिति: २३ साउन २०७९
08 August 2022

पत्र संख्या:
च. नं.:

**प्रेस विज्ञप्ति**

**लगानी बोर्डको ५२ औं बैठक सम्पन्न**

**काठमाडौँ-** सम्माननीय प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्ष श्री शेरबहादुर देउवाज्यूको अध्यक्षतामा लगानी बोर्डको ५२ औं बैठक आज सम्पन्न भयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सम्पन्न बोर्ड बैठकले ७५० मेगावाट क्षमताको पश्चिम सेती र ४५० मेगावाट क्षमताको सेती नदी -६ संयुक्त जलविद्युत परियोजनाको विकासको लागि अध्ययन गर्न विकासकर्ता कम्पनी NHPC Limited, Government of India Enterprise सँग गरिने समझदारीपत्र स्वीकृत गरेको छ। त्यस्तै ६७९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत परियोजनाको लगानी स्वीकृति तथा परियोजना विकास सम्झौताको सम्बन्धमा आवश्यक तयारी अगाडि बढाउन लगानी बोर्डको कार्यालयलाई निर्देशन दिएको छ । बैठकले ३२७ मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी-२ (UM-2) जलविद्युत परियोजनाको अध्ययनको लागि Himtal Hydropower Company Pvt. Ltd. लाई सर्बेक्षण अनुमति प्रदान गर्न समझदारी गर्ने निर्णय गरेको छ ।

त्यसैगरी माथिल्लो कर्णाली जलविद्युत परियोजनाको वित्तीय व्यस्थापनको सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन सम्बन्धमा समेत बैठकले निर्णय गरेको छ ।

बैठकले नेपालमा दिगो पूर्वाधार विकासमा लगानी प्रवर्द्धन गर्ने उद्देश्यले आगामी सेप्टेम्बर दोस्रो साता Sustainable Infrastructure Investment Forum-2022 आयोजना गर्ने निर्णय गरेको छ ।

बैठकमा सम्माननीय प्रधानमन्त्री देउवाले पश्चिम सेती, माथिल्लो कर्णाली, अरुण-३, तल्लो अरुण जस्ता राष्ट्रिय प्राथमिकताका परियोजनाहरुलाई तोकिएको समयमा अध्ययन तथा निर्माण सम्पन्न गर्ने गरी काम अगाडि बढाउन निर्देशन दिनुभयो । यसमा अर्थ, उर्जा, भूमिसुधार तथा वन मन्त्रालय एवं अन्य सरोकारवाला निकायलाई प्रभावकारी रुपमा समन्वय र सहकार्य गरी नतिजा देखिने गरी काम गर्न निर्देशन दिनुभयो साथै सिमन्ट उद्योग परियोजनाहरु विकास गर्दा वातावरण र मानव स्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्ने प्रविधिहरुको अवलम्बन गर्न जोड दिनुभयो ।

ठूला पूर्वाधार निर्माणमा लगानी भित्र्याउन एवं परियोजना सहजीकरणमा लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत र लगानी बोर्डको कार्यालयबाट सम्पादित कार्यहरुको उच्च मूल्यांकन गर्दै अझ गतिशीलताका साथ अगाडि बढ्न निर्देशन दिनुभयो ।

नेपाल सरकार

# लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४४७५२७६
४४७५२७७
४४७५२७८

फ्याक्स: ९७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।


नेपाल सरकार
लगानी बोर्डको कार्यालय
२०६८

पत्र संख्याः
च. नं.:

मितिः

बैठकमा अघिल्लो बोर्ड बैठकले निर्देश गरे बमोजिम परियोजना विकासका सम्बन्धमा भएका प्रगति र लगानी बोर्डको कार्यालयले अगाडि बढाएका लगानी प्रवर्द्धन, परियोजना विकास, संस्थागत क्षमता विकास एवं साझेदारी लगायतका क्षेत्रमा भएका गतिविधिहरुको बारेमा प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्टले जानकारी गराउनु भएको थियो ।परियोजनाहरुको विकास र सहजीकरणका सन्दर्भमा लगानी बोर्डको निर्देशन बमोजिम लगानी बोर्डको कार्यालय उच्च मनोबलका साथ अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उक्त अवसरमा मा. अर्थमन्त्री तथा बोर्डका उपाध्यक्ष; मा. ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री; मा. वन तथा वातावरण मन्त्री; राष्ट्रिय योजना आयोगका मा. उपाध्यक्ष; नेपाल सरकारका मुख्य सचिव; बोर्डका विज्ञ सदस्यहरु श्री भवानी राणा, श्री राजेशकाजी श्रेष्ठ र श्री बालकृष्ण सिवाकोटी लगायत नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरुको उपस्थिति रहेको थियो ।

.......................................

(अमृत लम्साल)

सहसचिव एवं प्रवक्ता